RELIANCE
CORPORATE ADVISORS
SIMPLIFYING BUSINESS



# सामाजिक सुरक्षा

## आधारभूत चित्रात्मक पुस्तिका

आषाढ १८, २०७८

# सामाजिक सुरक्षाको विकाशक्रमः


- **२०६७ चैत्र ७** — **स्थापनाः** १ प्रतिशत सामाजिक सुरक्षा शुल्क
- **२०७२ आश्विन ३** — **संविधानः** सामाजिक सुरक्षाको प्रावधान (धारा ३४(२) र ४३)
- **२०७४ श्रावण २९** — **ऐन जारी** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी
- **२०७५ मङ्सिर ११** — **औपचारिक आरम्भः** योगदानमा आधारित सामाजिक सुरक्षा योजना
- **२०७६ श्रावण १** — **योजना कार्यान्वयनः** योगदान रकम संकलन शुरु
- **२०७६ आषाढ २९, २०७७ माघ २९** — **योजनामा परिमार्जन** संसोधनबाट कार्यविधिको परिमार्जन स्वीकृत

# सामाजिक सुरक्षा सम्बन्धी विधमान कानूनहरु:



# रोजगारदाता र श्रमिकले गर्नुपर्ने योगदानको तुलना:

## साविकको व्यवस्था (२८.३३%)



**रोजगारदाता**

- उपदान (८.३३%)
- संचय कोष (१०%)

**श्रमिक**

- समाजिक सुरक्षा शुल्क (१%)
- संचय कोष (१०%)

## सामाजिक सुरक्षाको व्यवस्था (कुल ३१%)



**रोजगारदाता**

आधारभूत पारिश्रमिकको २०%

**श्रमिक**

आधारभूत पारिश्रमिकको ११%

RELIANCE
CORPORATE ADVISORS

## ३१% योगदान रकमको बाँडफाँडः

औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

वृद्ध अवस्था सुरक्षा योजना

- २०% निवृत्तभरण योजना
- ८.३३% अवकाश योजना




दुर्घटना र अशक्तता सुरक्षा योजना

आश्रित परिवार सुरक्षा योजना

# सुविधा संक्षेपिकरण:



### वृद्ध अवस्था सुरक्षा योजना (२८.३३ प्रतिशत)

- निवृत्तभरण याजेना
- अवकाश सुविधा योजना

### दुर्घटना र अशक्तता सुरक्षा योजना (१.४ प्रतिशत)

- दर्घटना वापतको सुविधा
- अशक्तता वापतको सुविधा

### औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना (१ प्रतिशत)

- औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना
- योगदानकर्ता वा योगदानकर्ताको पत्नीलाई मातृत्व सुरक्षा योजना

### आश्रित परिवार सुरक्षा योजना (०.२७ प्रतिशत)

- पति वा पत्नीले पाउने निवृत्तभरण
- सन्ततिले पाउने शैक्षिक वृत्ति
- आश्रित बाबु आमाले पाउने सुविधा (पति वा पत्नी वा छोराछोरी नभएमा)
- अन्तिम संस्कार खर्च

**बेरोजगार सहायता योजना हाल सुरु भई नसकेको**

# सामाजिक सुरक्षा कोषको योजनाका सुविधा तथा शर्तहरु

<table>
<tr><th colspan="2">औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना</th></tr>
<tr><th>औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजनामा पाइने सुविधाहरु</th><th>सुविधाको सीमा शर्त</th></tr>
<tr><td><ul>
<li>चिकित्सकको परामर्श सेवा,</li>
<li>अस्पताल भर्ना तथा शल्यक्रिया वापतको शुल्क,</li>
<li>रोगको परीक्ष ा तथा उपचार वापतको खर्च,</li>
<li>औषधिको बिल वमोजिमको खर्च,</li>
<li>अस्पतालमा भर्ना नभएको तर उपचारका लागि अस्पतलमा आवत जावत गर्न सक्ने अवस्था</li>
<li>नभई घरैमा बसी उपचार गराएकोमा चिकित्सक वा स्वास्थ्यकर्मीले विरामीको घरमै गइ</li>
<li>प्रदान गरेको परामर्श सेवा बापतको शुल्क ।</li>
<li>बिदा वापतको रकम भुक्तानी: अस्पतालमा बसी उपचार गराउँदा वा चिकित्सकको सिफारिसमा घरमै वसी उपचार गराउनुपर्ने अवस्थामा बिरामी विदा वापत १२ दिन भन्दा माथिको थप ७९ दिनसम्मको भुक्तानी (आधारभुत पारिश्रमिकको ६० प्रतिशत)</li>
</ul>
योगदानकर्ता वा योगदानकर्ताको पत्नीलाई मातृत्व सुरक्षा योजनामा पाइने सुविधाहरु
<ul>
<li>पुरुष योगदानकर्ताको पत्नी वा महिला योगदानकर्ता गर्भवति भई नियमित गर्भ परीक्षण गराउँदाको खर्च,</li>
<li>अस्पताल भर्ना भई प्रसुति सम्बन्धी शल्यक्रिया वा उपचार गराउँदाको खर्च,</li>
<li>अस्पतालमा सुत्केरी हुँदाको खर्च,</li>
<li>सुत्केरी भएको छ हप्तासम्मको सुत्केरीसँग सम्बन्धित उपचार खर्च तथा तीन महिनासम्मको शिशुको उपचार वापतको खर्च</li>
<li>बिदा वापतको रकम भुक्तानी: योगदानकर्ता महिला भएको खण्डमा प्रसुति विदा वापत ६० दिन भन्दा माथिको थप ३८ दिनसम्मको भुक्तानी (आधारभुत पारिश्रमिकको ६० प्रतिशत)</li>
<li>पति र पत्नी दुवै योगदानकर्ता भएको अवस्थामा भने कुनै एक जनाले मात्र यस्तो सुविधा दावी गर्नु पर्ने</li>
</ul></td>
<td><ul>
<li>अस्पतालमा भर्ना भई उपचार गराउनुपर्ने योगदानकर्तालाई वार्षिक रुपमा एक लाख रुपैयाँमा नबढ्ने गरी</li>
<li>योगदानकर्ता वा योगदानकर्ताको पत्नी तथा नवजात शिशुको उपचार खर्च समेत उल्लेखित रकमको हदमा नबढ्ने गरी</li>
<li>अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्था बाहेकका योगदानकर्ताहरुलाई चिकित्सकका प्रेस्क्रिप्सन बमोजिमको सुविधा वार्षिक रुपमा बढीमा पच्चीस हजार रुपैयाँसम्म</li>
<li>प्रसूति स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम यस्तो रकम चौविस हप्ता भन्दा बढी अवधिको गर्भपतन वा मृत शिशु जन्म भएको अवस्थामा समेत</li>
<li>कोषमा कम्तिमा लगातार ३ महिना योगदान गर्ने योगदानकर्ताले यो सुविधा पाउने र योगदान</li>
<li>गर्न छोडेको ३ महिनासम्म सुविधा दाबी गर्न सकिनेछ ।</li>
<li>सुविधा दावी गर्ने योगदानकर्ताले कूल दाबी रकमको २० प्रतिशत आफ्नो तर्फबाट व्यहोर्नुपर्नेछ ।</li>
<li>यस्तो सुविधा रकम इलष्लिभ मार्फत योगदानकर्ताको बैङ्क खातामा भुक्तानी गरिने छ ।</li>
<li>स्वेच्छाले गरिएको गर्भपतनको भुक्तानी हुने छैन ।</li>
<li>दुर्घटना भई उपचार गराएकोमा बाहेक दाँतको उपचार बापतको खर्च भुक्तानी हुने छैन ।</li>
<li>प्लाष्टिक सर्जरी तथा अन्य कस्मेटीक प्रकारका उपचारहरुको भुक्तानी हुने छैन ।</li>
<li>बारीयट्रीक (बोसो निकाल्ने) बापतको उपचारको भुक्तानी हुने छैन ।</li>
<li>देशव्यापी रुपमा महामारी फैलिई कोषले खर्च धान्न नसक्ने भै योजना निलम्वन गरेको अवस्थामा</li>
<li>यस योजना अन्तर्गतको सुविधा प्राप्त हुने छैन ।</li>
<li>अन्य योजनाबाट दोहोरो भुक्तानी हुने गरी दाबी गर्न पाईने छैन ।</li>
<li>वरामी विदा वा प्रसूति विदा पाउने अवस्थामा रोजगारदाताको व्यवसाय बन्द भएको वा रोजगारी अन्त्य भएको कारण विदा पाउने अवस्था नभएमा रोजगारदाताले प्रदान गर्नुपर्ने विदा अवधिको आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकम कोषले सम्बन्धित योगदानकर्तालाई भुक्तानी गर्नेछ ।</li>
<li>योगदान कर्ताले नेपाल सरकार वा अन्य विमा योजना वमोजिम कुनै स्वास्थ्य सुविधा लिन पाउने</li>
</ul></td></tr>
</table>

| | |
|---|---|
| | • भएमा त्यस्तो सुविधा लिन पाउँछ । तर एउटै उपचार वापत गरिएको खर्चको विल पेश गरी एक<br>• स्थानबाट भुक्तानी लिए पछि पुन सोही बील पेश गरी दोहोरो पर्ने गरी कोषमा भुक्तानी दाबी गर्न पाईने छैन ।<br>• सुविधा भुक्तानी गर्दा कोषको स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको दर अनुसार भुक्तानी गरिनेछ । रकम भुक्तानीको लागि दाबी गर्दा सो कार्यविधिमा उल्लेख भएको दर भन्दा कम दरमा दाबी गरिएको भएमा त्यस्तो वील परीक्षण गरी विलमा उल्लेख भए बमोजिम रकम भुक्तानी गरिनेछ ।<br>• मासिक रुपमा निवृत्तभरण लिने योगदानकर्ताले आफुले पाउने निवृत्तभरणको रकमबाट कोषले निर्धारण गरे बमोजिमको रकम कोषमा योगदान गरी औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनालाई निरन्तरता दिन सक्नेछ । |
| **दुर्घटना र अशक्तता सुरक्षा योजना** | |
| **दुर्घटना वापतको सुविधाहरु** | **सुविधाका शर्त तथा सिमा** |
| • रोजगारीजन्य दुर्घटना तथा व्यवसायजन्य रोगको उपचारको सम्पूर्ण खर्च<br>• अन्य दुर्घटनाको रु.७ लाख सम्मको खर्च | • दुर्घटना बापतको सुविधा योगदान सुरु गरेकै मितिबाट लागु हुने र योगदान गर्न छोडेपछि प्रदान नगरिने ।<br>• व्यवसायजन्य रोग वापतको सुविधा पाउन कोषमा २ वर्षको योगदान भएको हुनुपर्ने र व्यवसायजन्य रोग वापतको सुविधा योगदान गर्न छोडेको २ वर्षसम्म दाबी गर्न सकिने ।<br>• व्यवसायजन्य रोगको पहिचान सम्वन्धित विषेशज्ञ डाक्टर सहितको स्वास्थ्य पुनरावलोकन विशेष<br>• समितिले गरे बमोजिम हुने ।<br>• रोजगारीजन्य दुर्घटना भएको ७ दिनभित्र कोषलाई जानकारी गराउनुपर्ने अन्यथा ७ लाखसम्मको मात्र<br>• उपचार खर्च पाउने ।<br>• अन्य बीमा प्र ालीबाट सातलाख रुपैयाँ वा सो भन्दा बढी सुविधा पाउने अवस्थामा कोषले कुनै खर्च व्यहोर्ने छैन र सो भन्दा कम सुविधा पाउने भएमा बाँकि रकमको हदसम्म कोषले व्यहोर्नेछ । |
| **अशक्तता वापतको सुविधाहरु** | **सुविधाका शर्त** |
| • रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोगका कारण अस्थाइ पर्ण अशक्तता (Temporary Total Disability) भएको ख डमा निज श्रमिक काममा नफर्किदासम्म आधारभुत पारिश्रमिकको ६०% का दरले बिदा अवधिको भुक्तानी पाउने ।<br>• स्थायी आंशिक असक्तता (Permanent Partial Disability) भएको खण्डमा अशक्तताको प्रतिशतका<br>• आधारमा (आधारभुत पारिश्रमिकको ६०% लाई १००% मानी) भुक्तानी पाउने । | • यो सुविधा योगदान शुरु गरेकै मितिबाट लागु हुने ।<br>• असक्तताको पहिचान सम्बन्धित विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य पुनरावलोकन समितिले गरबमोजिम हुने । |

| | |
|---|---|
| • स्थायी पुर्ण असक्तता (Permanent Total Disability) भएको अवस्थामा आधारभुत पारिश्रमिकको ६०% आजिवन अशक्ततावृत्ती (Lifetime Pension) पाउने । | |

## आश्रित परिवार सुरक्षा योजना

| आश्रित परिवार सुरक्षा योजनामा पाइने सुविधाहरु | सुविधाका शर्त तथा सिमाः |
|---|---|
| • योगदान सुरु गरेकै मितिबाट यो योजना अन्तर्गतको सुविधा लागु हुनेछ ।<br>• वृद्धावस्था सुरक्षा योजनामा जम्मा भएको रकम तथा त्यसले आर्जन गरेको प्रतिफल एकमुष्ट फिर्ता,<br>• पति वा पत्नी, वा बाबु आमाले योगदानकर्ताको आधारभुत पारिश्रमिकको ६० प्रतिशत आजिवन आश्रित पेन्सन,<br>• छोरा छोरीले १८ वर्षको उमेरसम्म (पढाई निरन्तर भएमा २१ वर्षसम्म) ४० प्रतिशत शैक्षिक सन्ततिवृत्ती,<br>• रु.२५ हजार अन्तिम संस्कार खर्च । | • आश्रितले दोस्रो बिहे गरेमा वा बैकल्पिक रोजगार भएमा यो सुविधा पाउने छैन । तर आश्रितको रोजगारी समाप्त भै वृद्धावस्था पेन्सन पाउने उमेरमा पेन्सन प्राप्त गर्ने अवस्था नरहेमा निवेदन दिई यो सुविधा दाबी गर्न सक्ने ।<br>• एक बच्चा भएमा आधारभुत पारिश्रमिकको ४० प्रतिशत र एक भन्दा बढि बच्चा भएमा दुई सन्तानसम्मलाई दामासाहि रुपमा पाइने ।<br>• पढाइ निरन्तर रहेको वा विवाह नभएको अवस्थामा २१ वर्ष अन्यथा १८ वर्ष सम्म मात्र सन्ततीवृत्ति पाइने ।<br>• शारीरिक तथा मानसिक रुपमा असक्षम सन्ततिको हकमा उमेरको हद लागु हुने छैन। |

## वृद्धावस्था सुरक्षा योजना

| अवकाश सुविधा योजनामा जम्मा हुने रकम | अवकाश सुविधा योजना |
|---|---|
| • वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतको ८.३३% रकम<br>• अन्य कोषबाट हस्तान्तरित रकम<br>• तोकिएको बमोजिम भन्दा अधिक पारिश्रमिक हुनेको रकम<br>• कर बचतको लागि गरिएको अतिरिक्त स्वेच्छिक योगदान<br>• २०७८ असार मसान्त भित्र योगदान प्रक्रियामा सहभागि हुनेले हस्तान्तरण गरेको निवृत्तभरणको रकम<br>• ६० वर्षपछि समेत नियमित रोजगारीमा रहेर गरिएको योगदान (स्वेच्छिक सहभागी)<br>• <u>**अवकाश सुविधा योजनामा जम्मा गर्न सकिने :**</u> कुनै योगदानकर्ताको वृद्ध अवस्था सुरक्षा योजना अन्तरगतको निवृत्तभर I योजनामा मासिक जम्मा हुने रकम नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको तीन गु II भन्दा बढी भएमा बढी भए सम्मको रकम अवकाश सुविधा योजनामा जम्मा हुने गरी निवेदन दिएमा कोषले त्यस्तो रकम अवकाश सुविधा याजनामो जम्मा गरिदिन सक्नेछ । | • कोषमा जम्मा भएको रकम र सो रकममा प्राप्त प्रतिफल समेत जोडी हुन आउने रकम योगदानकता अवकाश हुँदाको वखत वा निजको रोजगारीको अन्त्य भएको अवस्थामा योगदानकर्ताले र योगदानकर्ताको मृत्यु भएको अवस्थामा निजको हकवालाले एकमुष्ठ भुक्तानी पाउन<br>• कोषमा जम्मा भएको रकमबाट तीन वर्ष लगातार योगदान गर्ने योगदानकताल अवकाश सुविधा रकममा जम्मा भएको रकमको ८० प्रतिशतसम्म विशेष सापटी लिन सकिन |
| **निवृत्तभरण योजनामा सहभागिता** | **निवृत्तभरण योजना अन्तर्गत पाउने सुविधा** |
| • संवत् २०७८ साल साउन १ गते वा सो भन्दा पछि कोषमा योगदान प्रारम्भ गर्ने सबै योगदानकर्ता निवृत्तभरण योजनामा समावेश हुनेछन् ।<br>• संवत् २०७८ साल असार मसान्तसम्ममा कोषमा योगदान प्रारम्भ गर्ने योगदानकर्ताले कोषमा लिखित रुपमा निवेदन दिई निवृत्तभरण योजनामा सहभागी हुन सक्नेछन् । | • योगदानकर्ताको अवकाश उमेर पुरा भएपछि निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजका जीवनकालभर निवृत्तभरण पाउनेछ ।<br>• कुनै योगदानकर्ताको सुविधा प्राप्त गर्ने उमेर नपुग्द मृत्यु भएमा निजको हकवालालाई निजले कोषमा गरेको योगदान, रोजगारदाताको तर्फबाट भएको योगदान रकम एकमुष्ठ रुपमा प्रदान गरिनेछ । |

| | |
|---|---|
| **निवृत्तभरण पाउन योग्य हुने अवस्था** | **पति वा पत्नीले निवृत्तभरण पाउने:** |
| • निवृत्तभर ाप्राप्त गर्न योगदानकर्ताको उमेर साठी वर्ष पूरा भएको र कम्तीमा १८० महिना योगदान गरेको हुनुपर्ने<br>• योगदानकर्ताले १८० महिनाको योगदान नगर्दै साठी वष उमेर पूरा भएको रहेछ भने निवृत्तभर ा योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कूल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभर ा लिने मध्ये कुनै एउटा विकल्पको छनौट गर्न सक्न | • योगदानकर्ताले निवृत्तभर ा प्राप्त गर्न शुरु गरे पछि १८० महिना निवृत्तभरण नपाउदै निजको मृत्यु भएमा निजको पति वा पत्नीको वैकल्पीक रोजगारी नभएको वा निवृत्तभरण पाउने अवस्था नभएमा मृतकको पति वा पत्नीलाई योगदानकर्ताले पाईरहेको निवृत्तिभरणको पचास प्रतिशतल हुन आउने रकम आजिवन निवृत्तभरण प्रदान गरिनेछ ।<br>• तर, योगदानकर्तासंग निजको वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा यो सुविधा प्रदान गरिने छैन |